१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ११८ ॥ २०८२ जेठ २४ गते शनिबार (7th June 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

## ऋण नतिरेर उल्टै सहकारी कर्मचारीलाई ज्यान मार्ने धम्की



बिर्तामोड(प्रस) । ऋण नतिरेर उल्टै सहकारीको कर्मचारीलाई ज्यान मार्ने धम्की दिने ऋणी सदस्यलाई कार्वाहीको माग गरिएको छ । बिर्तामोड नगरपालिका वडा नम्बर ४ मा प्रधान कार्यालय रहेको धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाका कार्यकारी प्रमुख कृष्ण पौडेललाई ज्यान मार्ने धम्की दिनेलाई कार्वाहीको माग गरिएको हो । झापा साविक बुधबारे ६ हाल विर्तामोड नगरपालिका वडा नम्बर १ मा बस्दै आएका खगेन्द्र क्षेत्रीले बिहीबार बिहान फोन गरी घरमै आएर ज्यान मार्ने धम्की दिएको भन्दै शुक्रबार संस्थाले पत्रकार सम्मेलन गरी घटनाको जानकारी गराएको हो । संस्थाले दोषीलाई तत्काल पक्राउ गरी हदैसम्मको कारबाही गर्न माग गरेको छ ।

क्षेत्रीले संस्थाबाट २०७७ साल चैत्र २ गते २५ लाख ऋण लगेको र सो साँवाको हालसम्म ४४ लाख २९ हजार ३४५ रुपैया ऋण पुगेको र सो को ताकेता गर्न संस्थाका सञ्चालक समिति सदस्य तथा ऋण असुली समिति संयोजक भिमबहादुर पौडेल घरमा जाँदा कत्ति निकालेर धाकधम्की दिएपछि संस्थाले कानुनी बाटोबाट जानकारी गराउन पत्राचार गरेपछि कार्यकारी प्रमुख पौडेलमाथि क्षेत्रीले धम्क्याएको संस्थाका अध्यक्ष किशोर भट्टराईले जानकारी दिए ।

पौडेल र क्षेत्रीविच भएको अडियो संवादमा क्षेत्रीले 'पर्खी तँलाई घरमै आएर छप्क्याउँछु' भनेको सुनिन्छ ।

'ऋण असुलीका लागि संस्थाले पत्राचार गरेपछि कार्यकारी प्रमुख कृष्ण पौडेललाई व्यक्तिगत नम्बरमा फोन गरी घरमै आएर कत्ती हान्नेसम्मको धम्की दिएको घटना अत्यन्त निन्दनीय र भर्त्सनायोग्य छ। संस्थागत व्यवहार संस्थागत रुपमा छलफल हुनुपर्नेमा कर्मचारीलाई धाकधम्की दिने कुराले कानुनको समेत बर्खिलाप गरेको छ ।सहकारी अभियानमाथि चौतर्फी आक्रमणको घटना भइरहेको अवस्थामा यस्ता घटनाले सिंगो सहकारीमा कार्यरत कर्मचारीहरुको मनोबल घटाउने र ऋण लिएर तिर्नुपर्दैन भन्ने मनस्थिति भएका व्यक्तिहरुलाई मलजल पुग्ने भएकाले निज खगेन्द्र क्षेत्रीलाई तत्काल पक्राउ गरी हदैसम्मको कारबाही गर्न प्रशासनसमक्ष जोडदार माग गर्दछौं । साथै, संस्थामा कार्यरत कर्मचारीहरुको सुरक्षाका निमित्तसमेत स्थानीय प्रशासन समक्ष माग गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

एउटा सदस्यहरुले गरेको बचत अर्को सदस्यलाई ऋणको रूपमा दिइने भएकाले समयमा साँवा ब्याज नबुझाउँदा सहकारी समस्यामा पर्ने अध्यक्ष भट्टराईले बताए । उनले सदस्यले लिएको ऋण समयमा तिर्नु नैतिक दायित्व भएको बताए । समयमा साँवा ब्याज भुक्तानी नगर्ने सदस्यहरु उपर कानुनी कारबाही गर्नु संस्थाको बाध्यता हुने उनको भनाई थियो ।

कोअपरेटिभ मेनेजर्स क्लबका झापा सदस्य पर्वत चिमरियाले कर्मचारीमाथि हुने प्रहार सह्य नहुने बताए । यस्ता घटनालाई प्रशासनले गम्भीरताका साथ अनुसन्धान गरी तत्काल कारबाही गर्नुपर्ने उनले माग गरे ।

# पूर्वप्रधानमन्त्री नेपालको भविष्य के हुन्छ ?

झापा(प्रस) । राजनीतिक जीवनको उत्तरार्द्धमा भ्रष्टाचारको मुद्दा लागेपछि नेकपा एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालको भविष्यलाई लिएर अनेक टीकाटिप्पणी हुन थालेको छ । अर्कोतिर यो प्रकरणले प्रधानमन्त्रीले गरेका नीतिगत निर्णयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हावी हुने नजिर बसेको रूपमा व्याख्या हुन थालेको छ ।

कुनै समय एमालेको शक्तिशाली महासचिव भएर १५ वर्ष चलाएका र प्रधानमन्त्रीसमेत बनेका नेपालमाथि यो विपत्ति आइलागेको हो । नेपाल राजनीतिक जीवनको ऊर्जाशील समय बिताएको पार्टीबाट अलग भएको ४ वर्ष पुग्दैछ ।

तर, नेपालले पतञ्जली जग्गा प्रकरणमा मुद्दा खेपेका छन् । पतञ्जली योगपिठलाई हदबन्दीभन्दा बढी जग्गा किन्न दिएको र किनेकोभन्दा बढी मूल्यमा २ महिनामै बेच्ने गरी नीतिगत निर्णय मन्त्रिपरिषदबाट गराएको गम्भीर आरोप उनीमाथि लागेको छ ।

अध्यक्ष केपी ओलीसँग टसल परेपछि नेपालले २०७८ भदौ ९ गते आफ्नै नेतृत्वमा नेकपा एकीकृत समाजवादी पार्टी गठन गरेका थिए । २०७९ को चुनावबाट १० सीटसहित नेपालको पार्टी संसदमा छैटौं ठूलो दल बन्यो । नेपाललाई बिहीबार अख्तियारले पतञ्जली जग्गा प्रकरणमा मुद्दा लगाएपछि नेपाल र उनले चार वर्षदेखि उतारचढावबीच हुर्काएको पार्टीकै भविष्यमा प्रश्न उठेको छ ।



राजनीतिक विश्लेषक चन्द्रकिशोर अख्तियारको मुद्दाले माधव नेपालमाथि गम्भीर संकट पैदा गरेको बताउँछन् ।

'अख्तियारले मुद्दा लगाएपछि कानूनी प्रक्रिया पर्खिने र सर्वोच्च अदालतसम्म जाने ठाउँ उहाँमाथि छ,' चन्द्रकिशोर भन्छन्, 'तर निर्वाचन क्षेत्रमा भाषण गरिरहँदा उहाँमाथि मुद्दा दर्ता भयो । तत्काल सांसद पद निलम्बनमा पर्‍यो । पार्टीमा दबाब परे अध्यक्ष पनि छाड्नुपर्ने हुन सक्छ । यसैले उहाँमाथि एकपछि अर्को नैतिक दबाब आएको देखिन्छ ।'

गम्भीर मुद्दा खेपेपछि नेकपा एसभित्रको यसअघिको अन्तर्विरोधमा एमालेले झन् बढी खेल्ने उनी बताउँछन् । 'माधवको दलमा अन्तरविरोध पहिले नै थियो । अब त झन् धेरै फैलिने स्थिति आएको छ, किनकि एमालेले पहिले नै चाहेको थियो । अब त एमाले संस्थापनले उनीहरूभित्र झन् बढी अन्तरविरोध फैलाउन सक्छन् ।'

यो मुद्दापछि १० सिटसहित देखाउने एउटा प्रभाव संकुचनमा पर्ने उनी बताउँछन् ।

'मुद्दा लाग्दै गर्दा आफ्नै निर्वाचन क्षेत्रमा भाषण गरिरहनुभएका उहाँको सांसद पद गयो,' चन्द्रकिशोर भन्छन्, 'उहाँको हिजोको जुन प्रभाव थियो, त्यो अब संकुचनमा पर्छ ।'

१० सांसद रहेकोमा प्रेमबहादुर आले, किसान श्रेष्ठसहितका केही सांसदले यस अघिदेखि नै पार्टी फुटाउन खोजेको चर्चा थियो । पार्टीका अध्यक्षमाथि नै गम्भीर मुद्दा लाग्दा उनीहरूको त्यो आँट मनोबलमा परिणत सम्भावना छ । पार्टी फुटको औचित्य स्थापित नभएको भन्दै थुप्रै नेता एमालेमा फर्किएका छन् । यस्तोमा यो प्रकरणले नेकपा एस छाड्न नेता/कार्यकर्ताको लाइन लाग्न सक्ने स्थिति आउने आकलन समेत छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

## हात्तीले दुईवटा शैक्षिक संस्थामा गर्यो क्षति



झापा(प्रस)। जंगली हात्तीले झापा बिर्तामोडको दुईवटा शैक्षिक संस्थाको गेट र कम्पाउन्ड वाल भत्काएको छ ।

हात्तीले बिर्तामोड ३ बिर्ताबजारस्थित अनारमनी पव्लिक क्याम्पसको गेट भत्काएको छ भने बिर्तामोड १० सैनिकबजारस्थित महेन्द्र ज्योति माध्यमिक विद्यालयको कम्पाउन्ड वाल भत्काउनुका साथै गेट बंग्याएको छ ।

बिर्तामोडतिरबाट बिहीवार राति १२ बजे आएको एकल हात्तीले अनारमनी पब्लिक क्याम्पसको फलामको गेट भत्काउँदा अन्दाजी एक लाख मूल्य बराबरको क्षति भएको छ । सोही ठाउँ बस्ने मनिका माझीको बाँसको टाटीको घेराबारा र टिनको छानो भएको एकतले घर पूर्णरुपमा भत्काएको छ । जसबाट ८५ हजार बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ ।

सोही हात्तीले शुक्रवार बिहानको राति ३ बजेको बिर्तामोड १० सैनिकबजारमा रहेको महेन्द्र ज्योति माविको गेट फुटाई गेटबाट भित्र पसेर बिद्यालयको पूर्वपट्टिको कम्पाउण्ड वाल भत्काएको छ । हात्तीले वाल र गेट भत्काउँदा करिव ५ लाख बराबरको क्षति भएको विद्यालयका प्रधानाध्यापक जयकुमार झाले जानकारी दिएका छन् ।

# सप्तकोशीमा डुबेर मृत्यु भएका राजवंशी अब्बल थिए

झापा(प्रस)। सप्तकोशी नदीमा उद्धार अभ्यासका क्रममा डुबेर बेपत्ता भएका सशस्त्र प्रहरी जवान हरदेव राजबंशीको शव फेला परेको छ। शुक्रबार प्रहरीले कोशी ब्यारेजको दुई किलोमिटर दक्षिणमा पर्ने सप्तकोशी नदीबाट राजवंशीको शव फेला पारेको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी योगराज खतिवडाले बताए। गौरादह नगरपालिका वडा नं ८ जुरोपानी निवासी राजवंशी पौडी, दौड र अनुशासनमा अब्बल थिए। गत चैत १८ गते सशस्त्र प्रहरी बलको बराह वाहिनी पकलीको स्थापना दिवसको अवसरमा आयोजित प्रतियोगितामा उनले तीन विधामा पुरस्कार जितेका थिए। कोशी प्रदेशका उत्कृष्ट अनुशासित कर्मचारीको रूपमा पनि राजवंशीलाई सशस्त्र प्रहरी बलका महानिरीक्षक (आइजीपी) राजु अर्यालले पुरस्कृत



गरेका थिए। वार्षिक उत्सवका अवसरमा आयोजित दौड र पौडी प्रतियोगितामा पनि राजवंशी प्रथम भएका थिए। उनले एकै दिन अनुशासन, दौड र पौडी तीनवटै विधामा पुरस्कार थापेका थिए।

चितवनको कुरिनटारस्थित सशस्त्र प्रहरी तालिम केन्द्रबाट गोताखोर तालिम लिएर अब्बल बनेका राजबंशी सप्तकोशीमा डुबेर सदाका लागि बिदा भएका छन्। उनको निधनले परिवारमात्र होइन, गौरादहबासी र सम्पूर्ण सशस्त्र प्रहरी बल शोकमा डुबेको छ। उनका श्रीमती र तीन वर्षीया छोरी छन्।

सशस्त्र प्रहरीको मधेस प्रदेश कार्यालयका अनुसार राजवंशी डेढ महिनाअघि कोशी प्रदेशबाट मधेस प्रदेशमा काजसरुवा भई खटिएका थिए। सप्तकोशी नदीमा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा गएको पाँच सदस्यीय गोताखोर टोलीमा उनी पनि सहभागी थिए। अभ्यासको क्रममा उनी र अर्का जवान सुरज साउद बेपत्ता भएका थिए।

राजवंशीको शव जिल्ला अस्पताल सप्तरीमा पोस्टमार्टमपछि परिवारलाई जिम्मा लगाइएको मधेस प्रदेश प्रमुख डीआइजी कृष्ण ढकालले जानकारी दिए। शव गौरादह लगेर अन्त्येष्टि गरिएको उनले बताए।

डुबेर बेपत्ता भएका साउदको भने हालसम्म अवस्था पत्ता लाग्न सकेको छैन। सप्तकोशी ब्यारेजमा बिछ्याइएका ह्युम पाइपहरूमा फसेर उनीहरू निस्कन नसकेको अनुमान गरिएको छ। ब्यारेजमुनि पानी प्रवाह सहज बनाउन राखिएको ती ह्युम पाइपभित्र फसेको हुन सक्ने बताइएको छ।

साउदको खोजीका लागि कुरिनटारबाट गोताखोरसहितको ७० सदस्यीय टोली परिचालित गरिएको डीआइजी ढकालले बताए। राजवंशी र साउद दुवै मधेस प्रदेश प्रहरी कार्यालय बर्दिबासमा कार्यरत थिए। हराइरहेका अर्का प्रहरी जवान साउद डोटीका हुन् ।

## झापामै लाखौं नक्कली नोटको छपाई

# भारतीले छापेर बजार पुर्याउँथे

झापा(प्रस)। झापामै नक्कली नोट छाप्ने गरेको पत्ता लागेको छ । झापाको कनकाई नगरपालिका- ८ लक्ष्मीपुरमा कोठा भाडामा लिई एक व्यक्तिले नक्कली नोट छाप्ने गरेको खुल्न आएको हो ।

काँकडभिट्टाबाट नक्कली नोटसहित पक्राउ परेका तेह्रथुम फेदाप गाउँपालिका वडा नं २ ओयाक्जुङ बस्ने २८ वर्षीय गणेश भारतीले कोठा भाडा लिएर नक्कली नोट छाप्ने गरेको थप अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । गत जेठ १८ गते काँकडभिट्टास्थित नेपाल बैंक अगाडिबाट प्रहरीले भारतीलाई नक्कली एक लाख रुपैयाँसहित पक्राउ गरेको थियो । कनकाई नगरपालिका- ८ लक्ष्मीपुरमा कोठा भाडामा लिई बस्दै आएका भारतीको साथबाट १ हजारका १ सय थान नक्कली नोट बरामद भएको थियो ।

सो घटनामा झापा प्रहरीले जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गर्ने क्रममा उनले नक्कली नोट आफैले छपाई गरी चलाउने गरेको खुलेको छ । प्रहरी निरीक्षक राजकुमार कार्की समेतको अनुसन्धान टोलीले लक्ष्मीपुरस्थित कोठामा तलासी गर्दा थप नक्कली नोटहरू फेला परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसार विभिन्न दरका नेपाली नक्कली (खोटा मुद्रा) ५ लाख ३० हजार ६ सय ८० रुपैयाँसहित नोट छाप्ने गरेको मेसिन , नोटमा प्रयोग हुने विभिन्न प्रकारका रङ्ग लगायतका प्रमाणहरू बरामद गरिएको डीएसपी खगेन्द्र खड्काले जानकारी दिए । खड्काका अनुसार १ हजार दरका नक्कली (खोटा मुद्रा) ४७० थान, ५ सय दरका २८२ थान, १ सय दरका १९० थान, ५० दरका १२ थान र २० दरका ४ थान बरामद गरिएको छ ।

१ थान प्रिन्टिङ मेसिन, ३ थान मोबाइल, १ थान कैंची, नोट बनाउन प्रयोग भएको कागज कपी २ थानसमेत बरामद भएको छ ।

# न्यूटन्सले आफ्ना अभिभावक र शिक्षकलाई उत्प्रेरणा भर्दै

बिर्तामोड(प्रस)। मानिसमा तनाव बढिरहेका बेला झापाको बिर्तामोड -५ मा रहेको न्यूटन्स एजुकेशन एकाडेमीले आफ्ना अभिभावक तथा शिक्षकहरुलाई उत्प्रेरणा दिन थालेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै ख्यातिप्राप्त वरिष्ठ प्रशिक्षक मनोपरामर्शदाता तथा उत्प्रेरक इश्वर श्रेष्ठद्वारा न्यूटन्सले आफ्ना सबै अभिभावक र शिक्षकहरुलाई उत्प्रेरणा दिन थालेको हो । बिहीवार पहिलो दिन नर्सरीदेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीका करिव ६ सय अभिभावकहरुलाई एकै ठाउँमा राखेर प्रशिक्षण दिइएको हो । त्यसैगरी शुक्रबार कक्षा ६ देखि १० सम्मका विद्यार्थीका अभिभावकलाई प्रशिक्षण दिइएको थियो । शुक्रवार करिव ५ सय अभिभावकको सहभागिता रहेको थियो । शनिबार शिक्षकहरुलाई अभिमुखीकरण प्रदान गरिने विद्यालयले जनाएको छ। बिहीवार एक




कार्यक्रमका बीच बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले अभिभावक तथा शिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गरेका थिए । अभिभावक विद्यार्थीको पहिलो पाठशाला भएकाले अभिभावकलाई केही नयाँ ज्ञान दिन र उनीहरूमा देखिएका समस्या समाधानका लागि यो कार्यक्रम प्रभावकारी हुने विश्वासका साथ कार्यक्रमको थालनी गरिएको न्यूटन्स एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाईले बताए । विद्यार्थी र अभिभावकमा हुने खराब आचरण अन्त्य गरेर असल बानी व्यवहारको सुरुवात ,जिम्मेवारीपनको विकासमा यस कार्यक्रमले थप टेवा पुग्ने उनको भनाइ छ। कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले विद्यार्थीलाई हौसला प्रदान गर्दै अभिभावकलाई थप जिम्मेवारी बनाउन यस कार्यक्रमले थप टेवा पुग्ने बिश्वास व्यक्त गरे । यस किसिमको प्रेरणादायी कार्यक्रमबाट अभिभावकमा उत्साह देखिएको छ ।

कार्यक्रममा बिर्तामोड नगरपालिका ५ का वडाध्यक्ष रोहित प्रसाई, प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष एच के पाठकलगायतले शुभकामना मन्तव्य राखेका थिए। विद्यालयका प्रिन्सिपल हुमागाईले स्वागतसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी लीला अनमोलले गरेकी थिइन् ।

कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपी प्रसाईले गरेका थिए ।

# नागरिकता किर्ते गर्ने ससुरा ज्वाइँ पक्राउ

झापा(प्रस)। झुठो विवरण पेश गरी नागरिकता किर्ते



गर्ने ससुरा ज्वाइँ इलाममा पक्राउ परेका छन् । जेठ ६ गते इलाम देउमाई -३ बस्ने सिंगबहादुर तामाङले वडा नं.३ को वडा कार्यालयमा झुठो विवरण पेश गरी सोही ठाउँ बस्ने नातामा ज्वाइँ पर्ने २४ वर्षीय राज तामाङलाई छोरा बनाई इलाका प्रशासन कार्यालय मंगलबारेबाट नागरिकता बनाइदिएका थिए । जेठ २२ गते ना.प्र.नं. ०३-०२-८२-००१६७ को नागरिकता प्रमाणपत्र रद्ध गरी दुवैलाई आवश्यक कार्वाहीको लागि इलाका प्रशासन कार्यालय मंगलबारेले इलाका प्रहरी कार्यालय मंगलबारेलाई पत्र पठाएको थियो । बिहीवार साँझ इप्रका मंगलबारेबाट प्रहरी टोली खटिएर दुवै जनालाई नियन्त्रणमा लिएको हो । शुक्रवार ७ दिन म्याद थप गरी उनीहरुलाई जिल्ला प्रहरी कार्यालय इलाममा ल्याई थप अनुसन्धान भइरहेको छ ।

# सरकारी कर्मचारीलाई स्वास्थ्य बीमामा आवद्ध गराइने

झापा(प्रस) । सबै कर्मचारीलाई स्वास्थ्य बीमामा आवद्ध गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले आन्तरिक तयारी थालेका छन् ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रस्तावमा सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेट दुवैले राष्ट्रसेवक र सङ्गठित क्षेत्रका कर्मचारीलाई स्वास्थ्य बीमामा आवद्ध गराउने विषय उल्लेख गरेको थियो ।
स्वस्थ्य बीमा ऐन २०७४ मा भएको व्यवस्थाअनुसार आएको नीति तथा कार्यक्रम र बजेटमा भएको व्यवस्था लागु गराउन मन्त्री पौडेलले नेपाल सरकारका सबै मन्त्रालय, आयोग, निकाय तथा मातहतका विभागमा पहल थाल्ने निर्णय गरेका छन् ।
यसैगरी, प्रदेश सरकार मातहतका निकाय, विभाग तथा कार्यालयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत पहल गर्ने निर्णय



मन्त्री पौडेलले गरेका छन् । सबै स्थानीय तहहरुमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पहल गर्ने निर्णय मन्त्री पौडेलले गरेका छन् ।
मन्त्रालयले सरकारी वेतनधारीका अलावा सङ्गठित क्षेत्रका कर्मचारीलाई समेत स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउने योजना बनाएको छ ।
यसो भएमा स्वास्थ्य बीमा कोषमा प्रिमियम पर्याप्त हुने र कार्यक्रम दिगो बन्ने मन्त्रालयले गठन गरेको स्वास्थ्य बीमा सुधार सुझाव कार्यदलको प्रतिवेदनमा छ ।
यस व्यवस्थालाई सरकारको कार्यक्रम बनाउने घोषणा गरेका मन्त्री पौडेलले मन्त्रालयको प्रस्तावमा नीति तथा कार्यक्रम र बजेटमा यो विषय समावेश गराएका थिए ।
अब यसको कार्यान्वयनको प्रक्रिया अघि बढाइएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।
मन्त्रालयले पत्राचारका साथै आवश्यक थप व्यवस्था गर्ने गरी तयारी अघि बढाएको छ ।
स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले स्वास्थ्य बीमा ऐनमा भएपनि लागू नभएको व्यवस्था कार्यान्वयनमा गएमा यसले स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बनाउन महत्वपूर्ण योगदान दिने बताए । हामीकहाँ अहिले जोखिम वर्गले बढी बीमा गरेको अवस्था छ, उनले भने, त्यसले गर्दा सरकारले दिएको श्रोतमाथि दबाब परिरहेको छ । यदि सबै राष्ट्र सेवक स्वास्थ्य बीमामा आवद्ध हुने हो भने कार्यक्रम निकै व्यवस्थित बनाउन सकिन्छ ।
बोर्डको आन्तरिक अध्ययनअनुसार ऐनमा भएको व्यवस्थासँगै सरकारले दिने स्वास्थ्य सहायता कार्यक्रम स्वास्थ्य बीमामार्फत नै लागु गराउन सकिने हो भने आर्थिक श्रोतको अभावसँग जुधिरहेको बोर्डले वार्षिक ४० अर्बसम्म श्रोत थपिने सम्भावना छ ।


विगतमा वार्षिक साढे ७ अर्ब रकम प्राप्त भएकामा यसपालीको नयाँ बजेटमा मन्त्री पौडेलले अर्थ तथा उपप्रधानमन्त्री विष्णु पौडेल तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको निरन्तर सम्वादपछि रकम वृद्धि भएर १० अर्ब पुगेको छ । यसबाहेक विगतको बक्यौता नयाँ आर्थिक वर्षमा फरफारक गर्ने घोषणा सरकारले गरेको छ ।

# शिक्षा र निजामती ऐन जारी हुन्छ : सञ्चारमन्त्री



झापा(प्रस) । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चालु बजेट अधिवेशनबाट विद्यालय शिक्षा र निजामती सेवा ऐन जारी हुने बताएका छन् । शुक्रबार बिहान विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँगको अन्तरक्रियाका क्रममा उनले यस्तो बताएका हन् ।
विकसित राजनीतिक घटनाक्रमका बारेमा मन्त्री गुरुङले पूर्व प्रधानमन्त्री माधवकुमार नेपालसहितलाई मुद्दा दर्ता गरेको विषयमा अख्तियारको नियमित काम भएको बतए । उनले भने,"अख्तियार सरकारको समेत निगरानी गर्ने निकाय हो ।"
उनले गृहमन्त्री रमेश लेखकमाथि विपक्षीहरूले राजनीतक प्रतिशोध साँधेको बताउदै उनले राजीनामा दिनुनपर्ने बताए ।

# देशभर फैलिँदै डेंगु संक्रमण




झापा(प्रस) । मनसुन भर्खरै सुरू भएसँगै देशभर डेंगु संक्रमितको संख्या बढ्दो क्रममा रहेको छ ।
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार पुसदेखि हालसम्म ७१ जिल्लामा डेंगु संक्रमित भेटिएका छन् ।
हालसम्म १०८१ जना संक्रमित भएका छन्, जसमा सबैभन्दा बढी कोशीमा २३९, बागमतीमा २९७, गण्डकीमा १८२, लुम्बिनीमा १६३, सुदूरपश्चिममा १५६, कर्णालीमा ३० र मधेशमा १४ जना संक्रमित भएका छन् ।
इपिडिमियोलोजी महाशाखाका निर्देशक डा. चन्दभाल झाका अनुसार एक दशकको तथ्यांकलाई हेर्दा डेंगु सबैभन्दा बढी असार, साउन, भदौ र असोजसम्म रहने देखिन्छ ।
'भर्खरै मनसुन सुरु भएको छ, अबका दिनमा डेंगुका बिरामी बढ्छन्,' डा. झाले भने, 'अबको चार महिनाको अवधिमा कुनै पनि ठाउँमा डेंगु फैलिन सक्छ ।'

उनका अनुसार अहिलेसम्मको तथ्यांकलाई हेर्दा अघिल्लो वर्षको तुलनामा कम फैलिएको छ । तर अबका चार महिना (असार, साउन, भदौं, असोज) डेंगु फैलिने अति जोखिम महिना हुन् ।

# भरुवा बन्दुकसहित दुईजना पक्राउ



झापा(प्रस) । भरुवा बन्दुकसहित प्रहरीले मोरङको केराबारी गाउँपालिका-६ तामाङ टोलबाट दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार केराबारी-६ का धनबहादुर श्रेष्ठको घरभित्र बन्दुक फेला परेको थियो ।
अवैध भरुवा बन्दुक राखिएको विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय केराबारीका वरिष्ठ सई (प्रहरी वरिष्ठ नायव निरीक्षक) मानबहादुर जिम्बा नेतृत्वको टोलीले बिहीबार राति १०:३० बजेतिर श्रेष्ठको घरमा छापा हानेको थियो ।
घर खानतलासी गर्ने क्रममा घरको पश्चिमतर्फको कोठामा तन्नाले छोपेर राखेको अवस्थामा १ नाल भरुवा बन्दुक बरामद गरिएको जानकारी प्रहरीले दिएको छ । बन्दुक फेला परेसँगै प्रहरीले धनबहादुरका छोरा २६ वर्षीय गणेश श्रेष्ठ र स्थानीय ३२ वर्षीय सन्तवीर तामाङलाई पक्राउ गरेको हो ।

बरामद भएको बन्दुकसहित दुवैजनालाई इलाका प्रहरी कार्यालय बेलबारीमा राखेर प्रहरीले थप अनुसन्धान सुरु गरिएको छ । प्रहरीले अनुसन्धानको थप प्रक्रिया अघि बढाएको हो । पक्राउ परेकाविरुद्ध हातहतियार खरखजना ऐनअन्तर्गतको मुद्दा चलाउने प्रहरीको तयारी छ ।
बरामद भएको बन्दुक वन्यजन्तुको अवैध चोरी सिकारीमा प्रयोग गर्ने गरिएको हुनसक्ने प्रहरीको भनाइ छ ।

# तत्कालीन जिशिअ नेपालसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा(प्रस)। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले खोटाङका तत्कालीन जिल्ला शिक्षा अधिकारी ज्ञानमणि नेपालसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। खोटाङको दिप्रुङ चुईचुम्मा गाउँपालिका वडा नम्बर ७ स्थित श्री कृष्णा उच्च माध्यमिक विद्यालयको भवन निर्माणका क्रममा अनियमितता गरेको आरोपमा तत्कालीन जिल्ला शिक्षा अधिकारी नेपालसहित ९ जनाविरुद्ध शुक्रबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको हो। अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार विद्यालय भवन निर्माणका लागि विनियोजन रकममा अनियमितता गरेको भन्ने उजुरीका आधारमा अनुसन्धान हुँदा फिल्डमा हुँदै नभएको कार्य भएको भनी रकम




निकासा गरी २५ लाख ५० हजार रकम दुरूपयोग गरेको अख्तियारको ठहर छ।
आयोगले जिशिअ नेपालसहित जिल्ला शिक्षा कार्यालय खोटाङका तत्कालीन इन्जिनियर बृधन यादव र सब इन्जिनियर शिवराज राई,तत्कालीन लेखा अधिकृत भुवनप्रसाद आचार्य र लेखापाल सुरेशकुमार श्रेष्ठलाई मुद्दा दायर गरेको हो। यसैगरी आयोगले श्री कृष्ण उच्च माध्यमिक विद्यालय टेम्माका तत्कालीन प्रधानाध्यापक खेमराज मगर,सोही विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टिकाराम राई र हरिनारायण राई र विद्यालयको भवन निर्माण गर्ने व्यक्ति जय प्रसाद राईलाई विपक्षी बनाउँदै मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध २५ लाख ५० हजार बिगो र सजायको माग गरिएको छ।

भवन निर्माणको कार्यमा इष्टिमेट अनुसार गुणस्तरको सामग्री प्रयोग नभएको,ढकालनको बिमा चर्केको र फिनिसिङ नभएको एवं भवन पठनपाठन गर्न अयोग्य रहेको देखिएता पनि उक्त विद्यालयको निर्माण कार्यको जिम्मेवारी बहन नै नगरी विद्यालयको खातामा रहेको र कम निकासा गर्न नापी किताब तथा मूल्यांकन प्रतिवेदन समेत हस्ताक्षर गरी २५ लाख ५० हजार रकम निकासा गरेको अख्तियारको दावी छ।

यसैगरी उनीहरूले फिल्डमा हुँदै नभएको कार्य नापी किताबमा समावेश गरी ४१ लाख २० हजार ४२८ रकमको मूल्यांकन प्रतिवेदनलाई सदर गरेको र गुणस्तरहीन कार्य भएको भनी प्राविधिक प्रतिवेदनमा उल्लेख भएको हुँदाहुँदै सो कार्य सुधार नगरी बजेटको अति आवश्यक रहेको देखाइ झुट्टा बिल भरपाईका आधारमा रकम निकासाको लागि सदर गरी २५ लाख ५० हजार बराबरको रकम आफूलाई लाभ र सरकारलाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले कार्य गरेको अख्तियारको आरोप -पत्रमा उल्लेख छ।


## हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी कसेर बाधौं।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौ, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधनं चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# झापामा ब्राउनसुगरसहित तीन पक्राउ

झापा(प्रस)। झापामा ब्राउनसुगरसहित तीनजना पक्राउ परेका छन् । भद्रपुरस्थित मेची पुलमा लागूऔषध ब्राउनसुगरसहित एक जना युवा पक्राउ परेका छन् भने दुई जना फरार भएका छन् । बिहीबार भद्रपुर नगरपालिका-५ मेची पुलमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका बिर्तामोड नगरपालिका-२ का २९ वर्षीय सञ्जय चौधरी ब्राउनसुगरसहित पक्राउ परेका हुन् ।
चौधरीसहित तीन युवालाई सोधपुछ गर्नका लागि रोक्न खोज्दा बिर्तामोड-२ का अन्दाजी ४० वर्षीय लोकराज राजवंशी र अन्दाजी २८ वर्षीय गणेश राजवंशी भारततर्फ भागेका हुन् ।

प्रहरीले चौधरीको साथबाट प्लाष्टिकसहित ३ ग्राम २२० ब्राउनसुगर बरामद गरेको छ । चौधरीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको र फरार रहेका दुई जनाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।
त्यस्तै बिहीवार साँझ ब्राउनसुगरसहित गौरादहमा दुईजना पक्राउ परेका छन् । साँझ ७:३० बजे गौरादह नगरपालिका वडा नं. १ गौरादहस्थित सुजन कन्दङ्वाको डेराबाट १ ग्राम ब्राउनसुगरसहित गौरादह नगरपालिका वडा न. १ गौरादह बजार बस्ने २९ वर्षीय सुजन कन्दङ्वा र कमल गाउँपालिका वडा न. सोलमारी बस्ने २० वर्षीय आयुष बिश्वकर्मा पक्राउ परेका हुन् । उनीहरुलाई पक्राउ गरी लागूऔषध मुद्दामा म्याद थप गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

# बाथरुममा चिप्लिएर ९३ वर्षीय बृद्धको मृत्यु

झापा(प्रस)। झापाको कमलमा बाथरुममा चिप्लिएर ९३ वर्षीय बृद्धको मृत्यु भएको छ ।
गत जेठ १० गते बिहान १० बजे आफ्नै घरको बाथरुमबाट निस्किने क्रममा अचानक चिप्लिएर कमल गाउँपालिका वडा न. २ तोपगाछी बस्ने ९३ वर्षीय बृद्ध नन्दप्रसाद पौडेल घाइते भएका थिए । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड लगी सामान्य उपचारपश्चात् थप उपचारको लागि बिराट टिचिङ अस्पताल बिराटनगर लगिएको थियो । सोही अस्पतालमा उपचारका क्रममा शुक्रवार दिउँसो उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार उत्तर : श्री इन्दिरा उप्रेतीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री पुष्प कुमार उप्रेतीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | ४/१७९०१ १९ | ४४१७ | ५८९. १३ | २०८२/ ०१/१२ | २०८२/ ०१/२४ | २०८२/ ०२/२३ |

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला,भद्रपुर नगरपालिका वार्ड नं.-०९मा बस्ने श्री जोरमान राईकी नातिनी बखतबहादुर राईकी छोरी श्री मिलन राईकी श्रीमती राधा राईको मिति वि.सं.२०८१/१२/१८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चन्द्रगढीमा रहेकोवचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान मिलन राइले मिति वि.सं.२०८२/०१/०३मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदकहरु बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकार कमजोर

**सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ मा 'स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट यातायात व्यवसाय विकास गर्न सार्वजनिक सवारीलाई चक्रीय प्रणालीअन्तर्गत सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन' भन्ने प्रावधान छ। तर यसविपरीत यातायात व्यवसायीले सिन्डिकेट चलाएपछि सर्वोच्च अदालतले ०६१, ०६७ र ०७३ सालमा चरणबद्ध आदेश दिएर त्यस्ता संयन्त्र खारेज गरिदिएको थियो। त्यसपछि पनि यातायात व्यवसायीहरूले समिति बनाएर यातायात क्षेत्रमा खुल्ला प्रतिस्पर्धालाई निषेध गर्दै 'सिन्डिकेट' कायम गरेपछि २०७५ वैशाख ४ को मन्त्रिपरिषद्ले यातायात क्षेत्रमा रहेका सबै खालका सिन्डिकेट अन्त्यको निर्णय गरेको थियो। 'सिन्डिकेट' चलाइरहेका यातायात समिति त्यही निर्णयबाट खारेज भएका थिए । तर खारेज भइसकेको 'सिन्डिकेट' अझै अघोषित रूपमा चलिरहनुमा सरकारको कमजोरी छ। यही कमजोरीमा खेलेर उनीहरूले अहिले सवारी बन्द गर्ने धम्की दिने र राज्यलाई घुँडा टेकाउने रणनीति अपनाएका हुन्। जसमा उनीहरू सफल भएका छन्।**

**गण्डकी प्रदेशसभाबाट पारित ऐन, 'राइड सेयरिङ' सञ्चालनको पक्षमा सर्वोच्च अदालतले गरेका फैसला र औद्योगिक व्यवसाय ऐन २०७६ को संशोधित व्यवस्थाअनुसार नियमावली ल्याएको गण्डकी सरकारको भनाइ छ। प्रदेशसभाबाट २०७६ मा गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ पारित भएको थियो। ऐनको दफा १३ को उपदफा (४) मा निजी प्रयोजनका लागि दर्ता भएका सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्रु बिमा गरी यात्रु ओसार पसार गर्न सकिने व्यवस्था छ। सर्वोच्च अदालतले पनि २०८१ असार १३ मा 'राइड सेयरिङ' लाई कानुनी मापदण्डमा ल्याएर व्यवस्थित गर्न आदेश गरेको थियो। तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीश टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले गरेको फैसलाको पूर्णपाठ गत पुसमा सार्वजनिक भएको थियो। पूर्णपाठमा 'राइड सेयरिङ' जस्ता यातायात सेवा व्यवसायको दर्ता, सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि आवश्यक कानुनी व्यवस्था चाँडै लागू गर्न सरकारलाई निर्देशन दिइएको थियो।**

**यातायात व्यवसायीहरू भने सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ८ ले निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न नपाइने र दफा १२ ले एक प्रयोजनका निम्ति प्रयोग भएका सवारी अर्को प्रयोजनमा प्रयोग गर्न नपाइने व्यवस्था गरेको तर्क गर्दै रातो नम्बर प्लेटका सवारी भाडामा लगाउन नहुने माग गर्दै आएका छन्। यो व्यवस्था लागू भए गण्डकी प्रदेशभित्र मात्र १५ हजार सवारीसाधनमा कार्यरत करिब ४५ हजारको प्रत्यक्ष रोजगारी गुम्ने र पेट्रोल पम्प, मोटर पार्ट्स, लुब्रिकेन्ट्ससँग सम्बन्धित काममा जोडिएका व्यक्तिहरू आफ्नो पेसा व्यवसायबाट विस्थापित हुने तर्क गरेका छन्। तर यी तर्क आफैंमा कमजोर छन्।**




# सम्पत्ति शुद्धीकरण मुद्दामा नयाँ सिद्धान्त



• विकाश भट्टराई

भ्रष्टाचार मुद्दामा बिगो कायम गर्दा प्रतिवादीसँग सम्बन्धित बैङ्क खातामा जति रकम छ, त्यतिलाई मात्र उल्लेख गर्नु पर्छ भन्ने सर्वोच्च अदालतको नजिरले संशय उत्पन्न गरिरहेको थियो । २०७१ सालदेखि लागु भएको यो नजिर सर्वोच्च अदालतले हालै अमान्य घोषणा गरिदिएको छ । साँच्चै नै भ्रष्टाचारीलाई फाइदा हुने गरी आएको त्यो नजिर झन्डै ११ वर्षसम्म कायम रह्यो । त्यो नजिर अमान्य भएपछि अब आरोपीसँग सम्बन्धित बैङ्क खातामा तत्काल रहेको रकम मात्र गणना हुने होइन कि उसले विगतमा बैङ्कबाट के कति रकम कारोबार गरेको छ भन्ने बारेमा पनि हेरिनुपर्ने भएको छ । तत्काल कायम रहेको रकमको मात्र गणना गरी बिगो कायम गर्नुपर्ने गरी आएको नजिरले निश्चय पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुसन्धान गर्न नै अप्ठेरो पर्ने गरेको गुनासो थियो । एक दशकभन्दा बढी समय कायम रहेको यो नजिर उल्टिएपछि अब भ्रष्टाचारको आरोपमा अनुसन्धान गर्ने निकायलाई सहज हुने भएको छ । सर्वोच्च अदालतले नै खुला रूपमा अनुसन्धान गर्न बाटो बन्द गरिदिएपछि भ्रष्टाचारीहरूले खेल्ने मौका पाएका थिए । भ्रष्टाचार गरेर आर्जन गरेको रकमलाई बैङ्कमा राख्ने अनि आफूविरुद्ध अनुसन्धान गर्न लागेको थाहा पाएपछि त्यस्तो रकम बैङ्कबाट झिकेर अन्यत्रै उपयोग गर्ने वा अन्य व्यक्तिको खातामा राख्ने कार्य हुँदै आएको थियो । त्यस्तो नजिरले अनुसन्धान गर्ने अघिल्लो दिन बैङ्कबाट झिकेर लुकाए पनि त्यस्तो लुकाएको रकमको सम्बन्धमा अनुसन्धान गर्न बन्देज लगाएको थियो ।

उक्त नजिर सर्वोच्च अदालतले अमान्य गरिदिएपछि निश्चित अवधिमा बैङ्कबाट जति रकम झिके पनि त्यसमा अनुसन्धान गर्ने अनुसन्धान गर्ने निकायहरू स्वतन्त्र हुने भएका छन् । यसअघि त्यस्तो रकम अनुसन्धान गरेर अभियोगपत्रमा उल्लेख गरे पनि

सो नजिरले उक्त रकमलाई गणना गर्न अदालतलाई अप्ठेरो परिरहेको थियो ।

भ्रष्टाचारीलाई फाइदा हुने गरी ल्याइएको नजिरलाई सर्वोच्च अदालतले नै अमान्य घोषित गरेको कार्य भ्रष्टाचारविरुद्धको कदममा कोसेढुङ्गा साबित भएको छ । सर्वोच्चको यो कदमले भ्रष्टाचारीहरूलाई ठुलै धक्का लागेको छ । सर्वोच्च अदालतबाट नियमित रूपमा प्रकाशन भइरहेको नेपाल कानुन पत्रिकाको २०७१ साउनको अङ्कमा प्रकाशित उक्त नजिर (निर्णय नम्बर ९१४९) को व्यहोरा यस्तो उल्लेख छ, 'खाता खोली बैकिङ कारोबार गर्नु स्वाभाविक रूपमा भै रहने कुरा हो । त्यो सञ्चय वा सुरक्षा वा जुनसुकै कारणले खातामा जम्मा गरी कारोबार गरिदिएको हुन सक्छ । खाताबाट झिकिएका रकमहरू आफ्नो फौजदारी दायित्वबाट बच्ने उद्देश्यले कतै लुकाएको भन्ने हो भने त्यो तथ्यगत हिसाबले नै पुष्टि गर्नुपर्ने हुन्छ । खाताबाट रकम झिकिनु नै रकम लुकाएको अनुमानको आधार बन्न सक्दैन । यस्तो प्रश्नहरूमा अपराध अनुसन्धानको पक्ष सतही नबनी गम्भीर र क्षमतावान् हुन जरुरी छ । यथार्थमा कुनै राष्ट्रसेवकले अमुक सम्पत्ति कति आर्जन गर्‍यो भन्ने प्रयोजनको लागि तत्काल कति उसको साथमा वा नियन्त्रणमा छ भन्ने आधारमा मूल्याङ्कन गरिने हो न कि कति थियो वा हुन सक्थ्यो होला भनी अनुमान गर्ने हो ।' सर्वोच्च अदालतको यो नजिरले जतिसुकै रकम बैङ्कबाट झिकेर अन्यत्रै राखे पनि त्यसलाई भ्रष्टाचारको आरोपमा गणना गर्न नमिल्ने गरिदिएको थियो । जति बैङ्कमा मौज्दात छ, त्यतिलाई मात्र गणना गरेर बिगो कायम गर्नुपर्ने गरी भएको यस्तो नजिरले भ्रष्टाचारलाई प्रोत्साहन गर्ने खालको थियो । यस्तो नजिर भएसम्म भ्रष्टाचार कम गर्न सकिँदैनथ्यो । भ्रष्टाचारको विरुद्धमा जतिसुकै कानुन, नीति तथा अन्य औजार ल्याए पनि भ्रष्टाचार कम गर्न यस्तो नजिर बाधक भइरहेको थियो । प्रतिवादीले मुलुकमा विद्यमान रहेका कानुन विपरीत आर्जित सम्पत्तिमध्ये केही वा सबै बिक्रीवितरण, हस्तान्तरण वा अन्य कुनै तरिकाबाट आफ्नो स्वामित्व वा नियन्त्रण गुमाएको अवस्थामा त्यस्ता सम्पत्ति भ्रष्टाचारको आशङ्कामा गणना नै गर्न हुँदैन भन्ने उक्त नजिरको अभिप्राय थियो । सरकारमा बस्नेले मुलुकबाट भ्रष्टाचार नियन्त्रण वा कमी गर्छु भनी जतिसुकै फलाके पनि यस्ता नजिर भएसम्म २० को १९ हुन कठिन हुन्छ ।

सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल, हरिप्रसाद फुयाल र बालकृष्ण ढकालको पूर्ण इजलासले त्यस्तो नजिरलाई अमान्य घोषणा (ओभर रुल) गरेको हो । अमान्य भएपछि त्यस्तो नजिरको अस्तित्व समाप्त भएको छ । अमान्य घोषणा गर्दै पूर्ण इजलासले यस्तो उल्लेख गरेको छ, 'नेपाल सरकारविरुद्ध गणेश अर्यालसमेत भएको नेकाप २०७१ अङ्क ४ निर्णय नम्बर ९१४९ को गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा यस अदालतको संयुक्त इजलासबाट सम्पत्ति कति आर्जन गर्‍यो भन्ने प्रयोजनका लागि तत्काल कति उसको साथमा वा नियन्त्रणमा छ भन्ने आधारमा मूल्याङ्कन गरिने हो न कि कति थियो वा हुन सक्थ्यो होला भन्ने अनुमान गर्ने हो भन्ने प्रतिपादित सिद्धान्त सम्पत्ति शुद्धीकरण (मनि लाउन्डिरिङ) निवारण ऐन, २०६४ को प्रस्तावना एवं ऐ. ऐनको दफा २ (ञ) को मर्म विपरीत देखिँदा यस अदालतको संयुक्त इजलासबाट भएको उक्त व्याख्यालाई यस इजलासबाट अमान्य घोषणा (ओभर रुल) गरिदिएको छ ।' सर्वोच्च अदालतको यस्तो निर्णयबाट अब सम्पत्ति शुद्धीकरण र गैरकानुनी सम्पत्ति आर्जन गरेको मुद्दामा आरोपीसँग तत्काल रहेको सम्पत्ति मात्र होइन कि समष्टिगत रूपमा भएको कारोबारलाई नै गणना गरी बिगो दाबी गर्नुपर्ने भएको छ र अदालतले मुद्दाको सुनुवाइ गर्दा कारोबारको रकमलाई पनि गणना गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ । कारोबारको पृष्ठभूमि र त्यससँग सम्बद्ध भएका अन्य लेनदेनको बारेमा समष्टिगत रूपमा अनुसन्धान गरी सम्बन्धित राष्ट्रसेवकविरुद्ध सम्बन्धित निकायले मुद्दा दर्ता गर्नुपर्ने हुन्छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) ऐन, २०६४ को दफा २ (ञ) मा 'कारोबार' भन्ने शब्दको व्याख्या गरिएको छ । जस अनुसार कारोबार भन्नाले सम्पत्तिको खरिद, बिक्री, वितरण, हस्तान्तरण, लगानी, भोगचलन वा अन्य कुनै आर्थिक वा व्यावसायिक कामकारबाहीसमेतलाई सम्झनु पर्छ भनिएको छ । सर्वोच्च अदालतले यसैलाई आधार मानी अघिल्लो नजिरलाई अमान्य गरिदिएको हो । यसमा बिक्री, वितरण, हस्तान्तरण, लगानी वा अन्य कुनै आर्थिक वा व्यावसायिक भन्ने शब्दहरू परेका कारण तत्काल बैङ्कमा मौज्दात रहेको सम्पत्तिको मात्र मूल्याङ्कन गर्नु पर्छ भन्ने अघिल्लो नजिर नमिलेको पूर्ण इजलासले स्पष्ट गरेको हो । यसको मतलब पहिले नै कारोबार भइसकेको सम्पत्तिको पनि भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) मुद्दामा गणना गरी बिगो कायम गर्नु पर्छ भन्ने पूर्ण इजलासको आशय हो । अपराधबाट आर्जन गरेको सम्पत्तिको अवैध स्रोत लुकाउन वैध कारोबारमा लगानी गरिसकेको सम्पत्तिलाई वैध मानी बिगो कायम नगर्ने हो भने अपराधी उम्कन सक्नेतर्फ सर्वोच्चले सचेत गराएको छ ।

यसैगरी सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणको अपराध अन्य कसुरजन्य कार्यसँग सम्बन्ध नहुने पनि स्पष्ट गरेको छ । अर्थात् सम्पत्ति शुद्धीकरण एक स्वतन्त्र अपराध हो भनी सर्वोच्च अदालतले व्याख्या गरेको छ । सम्पत्ति शुद्धीकरणको मुख्य उद्देश्य कसुरजन्य आम्दानीलाई वैधानिक देखाएर त्यसलाई आर्थिक प्रणालीभित्र सहज रूपमा प्रवेश गराउनु हो भनी सर्वोच्चले स्पष्ट गरेको छ । सर्वोच्च अदालतले यसलाई अझ स्पष्ट रूपमा यसरी अर्थ्याएको छ-'सम्पत्ति शुद्धीकरणको प्रक्रिया वा गतिविधि अन्तर्गत कसुरजन्य आम्दानी लुकाउने, कब्जा गर्ने, प्राप्त गर्ने, प्रयोग गर्ने अथवा त्यसलाई स्वच्छ (कसुररहित) सम्पत्तिको रूपमा प्रस्तुत गर्ने वा दाबी गर्ने जस्ता विविध कार्य पर्छन् । यसरी कसुरजन्य आम्दानीसँग सम्बन्धित यस्ता कुनै पनि प्रक्रिया वा गतिविधिमा संलग्न हुनु नै सम्पत्ति शुद्धीकरणको कसुर हो ।' यस्ता कसुर गर्नका लागि प्रयास गर्नेहरूले भ्रष्टाचार गरी कमाएको सम्पत्ति, लागु औषध बिक्री वितरण गरी आर्जन गरेको रकम, मानव बेचबिखन गरी कमाएको पैसा वा यस्तै अन्य अपराध गरी आर्जन गरेको सम्पत्तिलाई वैध देखाउन आरोपीले अन्य व्यक्तिलाई सापट दिने, व्यापार व्यवसायमा लगानी गर्ने जस्ता कार्यहरू गर्ने गर्छन् ।

सर्वोच्च अदालतको पूर्ण इजलासले गरेको उक्त फैसला मुलुकमा भ्रष्टाचार निवारणको क्षेत्रमा गरिएको जति पनि क्रियाकलाप छन्, त्यसमध्येको एक उत्कृष्ट कार्य हो । मुलुकमा हाल जताततै भ्रष्टाचार व्याप्त छ भनिन्छ । विशेष गरी भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाएको भन्ने आरोपसँग सम्बन्धित मुद्दामा आरोपी तथा उसको परिवारको नाममा रहेको सम्पत्ति मूल्याङ्कन गर्न ज्यादै नै कठिन हुन्छ । मान्छेको टाउकोमा रहेको रौँ गणना गर्न जति असजिलो हुन्छ, त्योभन्दा बढी असजिलो अकुत सम्पत्तिको मुद्दामा सम्पत्तिको मूल्याङ्कन गर्न हुन्छ भनिन्छ । भ्रष्टाचार गरी कमाएको सम्पत्ति लुकाउन आरोपीले हरबखत प्रयास गरिरहेको हुन्छ । यस्तो अवस्थामा मुद्दा दायर हुनु तत्काल अघि कायम रहेको सम्पत्तिलाई मात्र बिगो कायम गर्नुपर्ने गरी आएको नजिर सिद्धान्तले आरोपीलाई सम्पत्ति लुकाउन एकदम सजिलो भएको थियो । यस्तो नजिर सिद्धान्तले भ्रष्टाचार कम गर्न बाधा सिर्जना गर्छ । सर्वोच्च अदालतले नै यस्तो

नजिर सिद्धान्त प्रतिपादन गरेको भनी भित्रभित्रै विरोध भइरहेको थियो । एक दशकभन्दा बढी समयसम्म कायम रहेको यस्तो सिद्धान्त अनुसार के कति मुद्दा प्रभावित भए भन्ने सम्बन्धमा अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ । जेहोस् सर्वोच्च अदालतको पूर्ण इजलासबाट भएको फैसलाले भ्रष्टाचार नियन्त्रणमा उल्लेख्य भूमिका खेल्ने विश्वास गर्न सकिन्छ ।

# स्वचालित सरुवा प्रणाली



• प्रेमलकुमार खनाल

सार्वजनिक प्रशासन भन्नाले सार्वजनिक हितका लागि सञ्चालन गरिने प्रशासनिक व्यवस्थालाई जनाउँछ । यस अन्तर्गत विकास प्रशासन, मानव स्रोत व्यवस्थापन, आर्थिक प्रशासनलगायत अन्य प्रशासनिक व्यवस्था पर्छन् । सबै किसिमका प्रशासनिक व्यवस्था सञ्चालनका लागि प्रमुख साधनको रूपमा जनसाधन, भौतिक साधन, वित्तीय साधन, सूचना तथा सञ्चार जस्ता साधनको महत्वपूर्ण स्थान रहेको हुन्छ । यी स्रोतसाधनमध्ये मानव स्रोत व्यवस्थापन-साधनको मह□वपूर्ण भूमिका रहेको हुन्छ । परम्परागत रूपमा भन्नु पर्दा मानव स्रोत व्यवस्थापनलाई कर्मचारी प्रशासन भनिन्छ । कर्मचारीको नियुक्ति देखिन अवकाशसम्मको कार्य गर्ने काममा सार्वजनिक प्रशासन भित्र मानवस्रोत व्यवस्थापनबाट भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । आधुनिक व्यवस्थापनमा कर्मचारीको परिचालनका लागि उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा (राइट म्यान राइट प्लेस) अवधारणा अनुरूप कर्मचारीको सही ढङ्गबाट परिचालन गरेर नै संस्थालाई सुशासनका मूल्यमान्यताबाट स्थापित गर्न सकिन्छ ।

सार्वजनिक प्रशासनमा कर्मचारीको सरुवा भन्नाले कर्मचारीलाई जिम्मेवारीमा ठोस परिवर्तन नगरी एक कामबाट, एक ठाउँबाट अर्को काममा पठाउने वा स्थानान्तरण गर्ने बुझिन्छ । सार्वजनिक कार्यालयमा एक असल सरुवा नीति हुन आवश्यक छ । असल सरुवा नीतिले कर्मचारीलाई मात्रै उत्प्रेरित गर्ने होइन यसले उत्पादकत्व अभिवृद्धिमा पनि सहयोग पुग्छ । असल सरुवा नीतिले कर्मचारीको कार्यकुशलतामा वृद्धि गर्नका साथै यसले उनीहरूलाई कार्यसन्तुष्टि दिलाउँछ । यसले मन्त्रालयहरू, विभागहरू र विभिन्न कार्यालयमा हुने अधिक कर्मचारीको चाप वा न्यून कर्मचारीका कारणले सेवाग्राहीले दुःख र झन्झट बेहोर्नुपर्ने स्थितिको अन्त्य हुने छ । यसले सार्वजनिक प्रशासनभित्र भइरहेको राजनीतिक हस्तक्षेप वा अति राजनीतीकरणको पनि क्रमशः अन्त्य हुने छ ।

कर्मचारीलाई सरुवा गर्नको प्रमुख उद्देश्यहरूमा संस्थाको आवश्यकता अनुसार कर्मचारी परिचालन गर्न, कर्मचारीलाई कामको ज्ञान, अनुभव प्रदान गर्न मुख्यतया यिनै उद्देश्यबाट सरुवा गरिन्छ । सामान्यतया कर्मचारीहरूको सरुवा गर्ने विभिन्न कारण रहेका हुन्छन् । एक कार्यालयमा बढी कर्मचारी भएमा न्यून भएका कार्यालयमा सरुवा गर्ने परिपाटी रहेको छ । यस्तै मन्त्रालय, विभागका कामहरूमा सन्तुलन कायम गर्न, एकै व्यक्तिलाई लामो अवधिसम्म एउटै मात्र कार्यालयमा राखी राख्न उचित नहुँदा र सुरु पदस्थापना वा नियुक्तिको समयमा भएको गल्तीलाई सुधार गर्न पनि सरुवा गर्ने गरिन्छ । यस्तै विभागीय कार्य ठिक ढङ्गबाट सञ्चालन गर्न निमित्त खास योग्यता भएका कर्मचारीको सरुवा गर्नुपर्ने आवश्यकता हुने गर्छ । यस्तै कार्य विश्लेषण तथा कार्य मूल्याङ्कनबाट कर्मचारीलाई उसको अनुकूल कार्यमा राख्नुपर्ने आवश्यकता महसुस हुँदा पनि सरुवा हुने गरेको छ । यस्तै कर्मचारीका लागि सरुवा वृत्ति विकासका लागि पनि हुने गरेकाले कर्मचारीको माग र चाहनाले पनि सरुवा हुने गर्छ । कर्मचारीहरू विद्यमान काम र जिम्मेवारीबाट सन्तुष्टि नभएको अवस्थामा तथा विद्यमान कार्यमा वा भौगोलिक क्षेत्र र हावापानीमा काम गर्दा कर्मचारीको स्वास्थ्य अवस्था ठिक नभएको अवस्था तथा कर्मचारीको रुचिमा परिवर्तन भएको अवस्थामा पनि सरुवा हुने गरेको छ ।

तर संस्थामा कर्मचारीबिच द्वन्द्व उत्पन्न भयो भने कर्मचारीलाई अन्यत्रै सरुवा गरेर द्वन्द्व समाधान गर्ने माध्यमको रूपमा पनि सरुवाको हतियार प्रयोग गरिन्छ । संस्थामा द्वन्द्व उत्पन्न किन भयो भनेर अध्ययन अनुसन्धान नगरिकन केवल कर्मचारीको मात्रै सरुवा गर्ने परिपाटीले मात्रै पनि संस्थामा द्वन्द्वको निराकरण हुन सक्तैन । प्रायः व्यवस्थापकमा संस्था भित्र के कारणले समस्या उत्पन्न भयो भन्ने बारेमा ' कारण र परिणाम' बारे अध्ययन अनुसन्धान गरेर समस्या समाधान गर्नुको सट्टा सजिलो हतियार सरुवालाई प्रयोग गर्ने गरेको पाइन्छ । यस किसिमको कार्यशैलीले व्यवस्थापनको कुशलता प्रदर्शित हुँदैन ।

सामान्यतयाः कर्मचारीको सरुवाबाट स्वयम् कर्मचारीलाई नै फाइदा हुन्छ । सरुवाबाट कर्मचारीको ज्ञान, सिप र दक्षताको वृद्धि हुन्छ र यसबाट संस्थाभित्र जनशक्तिको विकास पनि हुन्छ । सरुवा भएर एक ठाउँबाट अर्को ठाउँमा जादा नयाँ नयाँ कर्मचारीसँग सम्बन्ध वृद्धि हुने, नयाँ ठाउँको अनुभव हासिल हुने, सेवाग्राहीसँग परिचित हुने, कर्मचारीको मनोबल पनि उच्च हुन्छ र भविष्यमा नयाँ काम र जिम्मेवारी वहन गर्न कर्मचारीलाई मद्दत पुग्छ तर नेपालको सार्वजनिक प्रशासनमा सरुवा प्रणाली सहज रूपमा लागु हुने गरेको छैन । पहिलो त स्वयम् कर्मचारीले नै आफू कार्यरत रहे ठाउँमा नै अनवरत काम गर्ने चाहना राखेका हुन्छन् । खासगरी घर पायक कार्यरत रहेका तथा पारिवारिक स्थितिले गर्दा यस किसिमका कर्मचारीले सरुवालाई सहज रूपमा लिदैनन् । यस्तै अनुभवी कर्मचारीको खाडल बढ्ने, संस्थागत मेमोरी नहुने, जे जसरी पनि सरुवाको प्रणालीले खर्च बढने आदि समस्या पनि उत्पन्न हुने गरेको छ ।

सरुवा प्रणाली व्यवस्थित नहुँदा अनियमितता र भ्रष्टाचार बढेर गएको, सरकारका नीति कार्यक्रम प्रभावकारी रूपमा लागु नभएको, पुँजीगत खर्च बढ्न नसकेको, आयोजनाहरू समयमा पूरा हुन नसकेको आदि समस्या उत्पन्न हुने गरेको टिप्पणी हुने गरेको छ । सरकारले हरेक वर्ष नीति तथा कार्यक्रम र बजेट संसद्समक्ष प्रस्तुत गर्ने गर्छ । संसद् बाट बजेट पारित भएपछि सरकारको नीति कार्यक्रमलाई लागु गर्ने मुख्य अधिकारी भनेको मन्त्रालयका सचिवहरू नै हुन् तर एउटा मन्त्रालयमा तीन/चार महिनामै सचिवहरू सरुवा हुने परिपाटी रहेको छ । यसरी चाँडो चाँडो सरुवा हुने गर्ने परिपाटीले नै सरकारका नीति तथा कार्यक्रमहरू लागु हुन सकेको छैन तर राजनीतिक क्षेत्रमा यस विषयलाई गम्भीरतापूर्वक लिइएको देखिँदैन । मन्त्रीको परिवर्तन हुनेबित्तिकै मन्त्रालयका सचिव, सहसचिवदेखि कार्यालय सहयोगीसम्म सरुवा गर्ने परिपाटी विद्यमान छ ।

यति मात्रै होइन सरुवा प्रणाली वैज्ञानिक नहुँदा ट्रेड युनियनहरूबाट सरुवाको लिस्ट लिएर मन्त्रालयका सचिवसमक्ष बुझाउने गरिएको, लिस्टबमोजिम सरुवा गर्न दबाब दिने गरिएको भन्ने टिप्पणी पनि हुने गरेको पाइन्छ । यसरी बिना औचित्य आदेश, दबाब, प्रभावमा परेर कर्मचारीहरूको सरुवा हुने गरेको विषयले सार्वजनिक प्रशासनभित्र उपयुक्त व्यक्ति उपयुक्त स्थानमा पदस्थापना हुन नसकेको, आयोजना, परियोजना सञ्चालनको जिम्मेवारी लिएका कर्मचारीलाई अवधि नपुग्दै सरुवा हुने गर्ने परिपाटीले आयोजना सञ्चालनमा जवाफदेही नहुने, समयमा आयोजना सम्पन्न नहुने र यसबाट आयोजनाको लागत बढ्ने गरेको छ । बढी बजेट हुने, बढी आर्थिक कारोबार हुने मालदार अफिसमा जान रुचाउने, सरुवा गर्न दबाब दिने तर सामान्य अफिसमा सरुवा हुन अनिच्छुक हुने परिपाटीले सार्वजनिक प्रशासनको छवि उजेलिन सकेको छैन ।

निजामती सेवा ऐन, नियमावली तथा विभिन्न सार्वजनिक संस्था, बैङ्कका कर्मचारी नियमावलीमा सरुवा प्रणालीका बारेमा उल्लेख भएको छ । तर व्यवहारमा सरुवाका नियमहरूलाई पालना गरिएको छैन । जसले गर्दा सरुवाका कारण सार्वजनिक प्रशासनमा विकृति र विसङ्गति बढेर गएको छ । मन्त्रालयका सचिवहरू मन्त्रालयको नेतृत्व गर्न सक्षम भएर नै त्यो उच्च पदमा पुगेका हुन्छन् तर राजनीतिक तहबाट विश्वास नगर्ने वा सचिवहरू आफूले भने जस्तो छनोट गर्ने खालको वर्तमान सरुवा प्रणालीले समस्या उत्पन्न गरेको विषयलाई सबै क्षेत्रबाट आत्मसात् गर्न जरुरी छ ।

अब सार्वजनिक प्रशासनमा सरुवा प्रणालीलाई स्वचालित, अनुमान योग्य र चक्रीय प्रणालीको रूपमा विकास गर्नु पर्छ । उदाहरणका लागि एक कर्मचारी क्रमशः क, ख, ग, घ समूहको भौगोलिक क्षेत्रका कार्यालयमा सामान्यतया दुई वर्ष व्यतीत भएपछि स्वतः सरुवा हुने परिपाटीले सरुवा पूर्वअनुमान योग्य हुने छ । स्वचालित पनि हुने छ । यस किसिमको सरुवा प्रणालीलाई चक्रीय सरुवा प्रणालीको रूपमा लिन सकिन्छ । यस किसिमको सरुवा प्रणालीमा कसैले कसलाई भनसुन गर्नुपर्ने, नजराना बुझाएर सरुवा गर्ने प्रणालीलाई अन्त्य गर्ने छ । यस्तै सरुवा गर्दा

❖ बाँकी तेस्रो पृष्ठमा

# बालिका बान्तवासित प्याउलीको साइनो

• **द्रोण अधिकारी गुयैँली**

झापा भद्रपुर ३ मा जन्मिएकी लामो समयदेखि हङकङलाई कर्मभूमि बनाएकी स्रष्टा बालिका बान्तावाको उपन्यास 'प्याउली ' पहिलो कृतिका रूपमा प्रकाशित आख्यान हो । बुबा मेघबहादुर राई र आमा रामसरी राईकी छैटौं सन्तान तथा एकमात्र छोरी बालिका वान्तवाद्वारा लिखित उपन्यासभित्र प्याउली मुख्य पात्र लादिप्मा जसको जीवन कथालाई प्रमुख सन्दर्भ बनाएर लेखिएको छ । नारीले आफ्नो जीवनमा भोग्नुपरेका मीठा नमीठा अनुभूतिहरूमा आधारित यस पुस्तकले सम्पूर्ण नारी जगतलाई गल्ती र उल्झनबाट बच्न सचेत गराएको छ । जीवनका महत्वपूर्ण क्षणमा गरिने कतिपय गल्तीले जिन्दगीको एउटा घुम्तीमा लगेर गल्ती सच्याउन बाध्य पार्ने शिक्षा आख्यानले छोडेको छ ।

उपन्यासको कथा सुरुवात नै सम्बन्ध विच्छेदबाट सुरु भएको देखिन्छ । विश्व मानव समुदायमा रहेका श्रीमान श्रीमतीका बिच हुने गरेका बेमेल र अनेकौं सम्बन्ध विच्छेदहरूलाई निहाल्ने हो भने हरेकका सम्बन्ध निर्माण हुँदा अपरिपक्व अवस्थामा हुने भएकाले त्यस्तो सम्बन्ध दीर्घकालीन नहुने कथन उपन्यासको आख्यानमा घोलिएको छ । विद्यालय स्तरमै प्रेम सम्बन्धमा बाँधिने लहडले परिपक्क उमेरमा समस्या बन्ने गरेको तथ्य लेखकले आफ्नो उपन्यासमार्फत आख्यानमा बुनेकी छिन् ।

निडर, कर्मशील तथा स्वाभिमानी महिलाको जीवन-संघर्षको कथाका रूपमा तयार भएको उपन्यास ' प्याउली' ले एउटी नारीले भोग्नु परेको वास्तविक पीडालाई आख्यानमा समेटेको छ । उपन्यासले लेखककै अनुभवलाई केन्द्रीय पात्र बनाएर एक महिलाले जीवनमा भोग्नुपरेको आरोह-अवरोहको कथा कहानीका रूपमा उठान गरेको छ । आख्यानमा पारिवारिक विछोड, सम्बन्धहरुका उल्झन तथा परदेशमा हुनुको पीडालाई कथानकको माध्यमबाट सरल र सहज सम्प्रेषण गर्न उपन्यासकार सफल देखिएकी छन् । उपन्यासमा प्रेमबाट शुरु भएका सम्बन्धहरूले दिएका अनेकन सास्ती, हैरानीहरू जीवन र जगतका कथा कहानी




बोक्न सफल छन् र वियोगका सुस्केरा र ऐंठनहरू वास्तविकताको उजागर गरिरहेको आख्यानले नारी र पुरूषका सम्बन्धमाथि निरन्तर प्रश्न पनि उठाएको छ । उपन्यासमार्फत बालिकाले पुरुषको अहंतापूर्ण पुरुषार्थप्रति निर्मम प्रहार गरेकी छन् । यो समाजप्रतिको विद्रोह पनि हो जहाँ पुरूषत्वका नाममा भइरहेका विकृतिलाई यथार्थ रूपमा प्रकाश पार्ने काम पनि भएको देखिन्छ ।

बान्तवाको उपन्यास 'प्याउली' २०८१ सालमा प्रकाशित नवोदित कृति भए पनि अनुभवी श्रष्टाको उत्कृष्ट कृतिकै शैलीमा रहेको छ । आख्यानसित जोडिएका कथा संरचना, घटनाहरूको संयोजन र सिलसिला, लेखकीय दृष्टिकोण निर्माण, प्रयोजनमा नवीनता, सामाजिकता र समयचेत, चरित्रकार्य, प्रस्तुति तथा शीर्षक सार्थकता लगायत आख्यानका विविध आयामहरूलाई आधार बनाएर तयार भएको यस कृतिको लेखन कला विविधतामय रहेको छ ।

'प्याउली' ले पूर्वी पहाडी भेगको जीवनशैली, अन्तरजातीय विवाहका चुनौती, वैदेशिक रोजगारीका कारण सिर्जित पारिवारिक समस्या, गरिबी र अभावबीचको संघर्षजस्ता विषयलाई मार्मिक ढंगले प्रस्तुत गरेको देखिन्छ । उपन्यासले नारीको संघर्ष, साहस र अस्तित्वको खोजीलाई नेपालको मौलिक शैलीमा चित्रण गरेको प्रष्ट रूपमा पाठकले अनुभव गर्ने छन् । उपन्यासमा भोजपुर, झापा, काठमाडौं र हङकङसम्मको भौगोलिक विस्तारलाई कथावस्तुसँग सफलतापूर्वक जोडिएको छ । उपन्यासमा समेटिएको नारीवादी चेतना र नेपाली मौलिकताको प्रशंसा गर्नै पर्ने हुन्छ । 'प्याउली' मा किराँत परम्पराको प्रयोग र नारी चेतको उजागरलाई उल्लेख गर्दै भौतिक, मानसिक र आध्यात्मिक सुखको खोजीलाई कसरी नारीत्वको बलियो प्रस्तुतिद्वारा जोडेको छ भन्ने कुरा स्पष्ट हुन्छ । यस उपन्यासले बेरोजगारी र गरिबीका कारण विदेशिने महिलाहरूको संघर्षलाई मार्मिक रूपमा प्रस्तुत गरेको छ । भोजपुरबाट झापा हुँदै परदेशसम्मको यात्रामा एक महिलाले भोगेका कठिनाइ र संघर्षलाई उपन्यासले उजागर गरेको चित्र पाठकले प्रष्ट रूपमा बुझ्ने छन् ।

बेरोजगारी, अभाव र गरिबीका कारण आफ्नो देश छोडेर परदेश पस्ने नारीहरू संघर्षको मैदानमा नडगमगाउने साहसलाई उपन्यासले समेटेको बताइन् । भोजपुरबाट अवसरको खोजी गर्दै झापा सदरमुकाम दक्षिण पृथ्वीनगर झरेको राई माइलाले गरेको कठोर संघर्षबाट उपन्यासकारले जीवन जिउने कला सिकेर मनपराएर आफैं भागेर विवाह गरेको पतिले गति छोडेपछि एक्लै संघर्ष गरी भोगेका आरोह अवरोह नै उपन्यासको मूल विषय रहेको खरेलको टिप्पणी थियो ।

नारी चेतभित्र अस्तित्व निर्माण भएको प्याउली आफैमा बिम्ब रहेको छ । आञ्चलिकता बोकेर आएको यस उपन्यासभित्र किराँत संस्कृति र परम्पराको सफल प्रयोग समेत गरेको पाइन्छ । भौतिक मानसिक र आध्यात्मिक सुखको खोजी गरिएको उपन्यासले पुरूषत्वभन्दा नारीत्व बलवान भएको देखाउन खोजेको छ ।

आफ्नोपन बोकेर आएको प्याउली उपन्यासले पूर्वी पहाडी जिल्ला भोजपुर, झापा हुँदै काठमाण्डौ र हङकङसम्मको भूगोलभित्र उपन्यासकारले गरेका संघर्षलाई आख्यान बनाएर ल्याएको छ । उपन्यासभित्र अन्तरजातीय भागीविवाह, वैदेशिक रोजगारका कारण टुटेको दाम्पत्य जीवन, गरिबी, अभावसितको कठोर संघर्ष समेटेर बनेको कथानकले उपन्यासलाई अस्तित्ववादी चेत समेत प्रदान गरेको छ । नारीवाद बोकेर आउँदा नेपाली मौलिकपन सहितको पृथक पहिचान बनाएको प्याउलीले वैदेशिक रोजगारका कारण पुरूषमा विचलन आउने परम्परा स्थापित हुँदै गएकोमा कठोर प्रहार समेत गरेको देखिन्छ ।

बालिका वान्तवा र 'प्याउली' एक अर्काका परिपूरक हुन् भन्ने कुरा पाठकले सहजै बुझ्न सक्ने झलक आख्यानले प्रष्ट पार्छ । प्रथम पुरूष शैली रोजिएको आख्यानभित्र नारी हुनुको अर्थ खोज्ने प्रयास समेत गरिएको छ । हिजोको समाज र आजको समाज बिचको अन्तर समेत प्रष्ट पार्न सक्ने 'प्याउली' को आख्यान आफैंमा नेपालीपन बोकेको प्रयोग पनि हो । समाज चित्रणमा यथार्थ रहेको यस उपन्यासले नेपाली परिवेश र वर्तमानको वास्तविकता खोतल्ने प्रयास समेत गरेको छ ।

## वैशाख यता चट्याङबाट १४ जनाको मृत्यु, कसरी बच्ने ?

प्राकृतिक विपद्का जोखिमपूर्ण घटनाहरूमध्ये चट्याङ पनि एक हो । वर्षेनी चट्याङबाट धेरै मानिसको अकालमै ज्यान गइरहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही वैशाख १ गतेदेखि जेठ २२ गते(हिजो बिहिवार)सम्म देशभर चट्याङका १०२ वटा घटनाबाट १४ जनाको मृत्यु भइसकेको छ । यसबाट ७५ जना घाइते भएको प्राधिकरणले जनाएको ।

चट्याङविज्ञका अनुसार बढी वैशाख, जेठ र भदौ महिनामा चट्याङ पर्छ । अत्यधिक मात्रामा वैशाख–जेठमा पर्ने र असार–साउनमा बादल भए पनि कम चट्याङ पर्ने सम्भावना हुन्छ ।

यस वर्षको मनसुन नेपालमा भित्रिसकेको छ । यो बेला भारी वर्षा, बाढी, पहिरो, डबान, चट्याङलगायतका घटना हुन्छन् । चट्याङ लागेपछि कतिपय सर्वसाधारण डरले आत्तिने गर्छन् । प्राधिकरणका अनुसार चट्याङ लाग्दा यी सुरक्षित उपाय अपनाउन सकिन्छ ।

जस्तै :
-सकेसम्म घरभित्रै बस्ने
-बाहिर हुँदा बिजुली चम्केका वेला वा पानी परेका वेला रूखमुनि ओत नलाग्ने
-बिजुलीको खम्बामुनि नबस्ने
-छाता नओढ्ने
-खेतबारीमा काम नगर्ने
-पौडी नखेल्ने
-डुंगा नचलाउने
-सवारीसाधनमा भए भित्रै बस्ने
- चट्याङ लाग्दा मोबाइल,टिभी नचलाउने
-चट्याङ पर्दा सुरक्षित ठाउँ नपाए दुवै हात टाउकोमाथि राखी निहुरिएर टाउकोलाई घुँडा बीचमा राख्ने ।

## पूर्वप्रधानमन्त्री...

अर्का विश्लेषक शंकर तिवारी सानो भए पनि पार्टीलाई जोड्ने मियो नभएपछि नेकपा एसलाई धक्का लाग्ने बताउँछन् । ' एमालेबाटै छुट्टिएर बनेपछि नेपाल पार्टीलाई जोड्ने नेता हुन्, झलनाथ होइनन् । यस्तोमा नेपालको पार्टीले अप्ठ्यारो झेल्ने निश्चित छ,' तिवारीले भने, 'माधव नेपाललाई मुद्दा लाग्ने भएपछि पार्टी नै विलय हुन आउँछ भन्ने एमालेको अपेक्षा पनि होला ।'

विश्लेषक तिवारी पूर्व प्रधानमन्त्रीको रूपमा अहिले नेपाल तानिए पनि अरूका लागि समेत नजिर स्थापित भएको तर्क गर्छन् ।

'अख्तियारले ठूला माछा समाएन भन्ने निरन्तरको आरोप थियो । माधव नेपाललाई मुद्दा लगाएपछि पूर्व प्रधानमन्त्रीहरूमाथि पनि भविष्यमा कुनै गम्भीर आरोप लागे छानबिन र मुद्दासम्म दायर हुने नजिर बसेको छ,' उनले भने, 'नेकपा एसले यो मुद्दामा संवैधानिक र न्यायिक फाइट गर्छु भनेको छ । अन्तिम न्यायिक निरुपण नभएको कुरामा अहिले नै बोल्नु हतारो हुन्छ ।'

विश्लेषक चन्द्रकिशोर कम्युनिस्ट एकता, कांग्रेसमाथि दबाबजस्ता धेरै पक्षलाई नजरअन्दाज गर्न नसकिने बताउँछन् । 'यसलाई माधव नेपालको विषयसँग मात्रै केन्द्रित गरेर हुँदैन । नेपालको राष्ट्रिय राजनीति के हुने ? पूर्व राष्ट्रपति विद्या भण्डारी चीनबाट फर्किएपछि वृहत्तर कम्युनिस्ट एकताको विषय, प्रचण्डलाई ओलीले राखिदिएको उस्तै कुर्सीमा पनि केही सन्देश हुन सक्छ,' चन्द्रकिशोर भन्छन्, 'अर्कातिर रवि लामिछानेको काठमाडौं सरुवाको प्रसंग, कांग्रेसका नेतामाथि मुद्दादेखि सरकारको दबाबजस्ता कुराले साइडइफेक्ट गर्न सक्छन् ।'

प्रधानमन्त्री ओलीको कदम सरल रेखामा नहुने भन्दै उनले अहिलेको घटनालाई बहुआयामिक रूपमा बुझ्नुपर्ने बताए ।

सरकारले प्रतिशोध नै साँधेको भन्दै प्रश्न उठेपछि प्रवक्ता पृथ्वीसुब्बा गुरुङले यस्ता आरोपको खण्डन गरेका छन् । विराटनगर विमानस्थलमा शुक्रबार सञ्चारकर्मीसँग बोल्दै गुरुङले सरकारले कुनै प्रतिशोध नसाँधेको बताएका हुन् ।

मुद्दा लागेलगत्तै नेपालले रौतहटमै कुनै नियतका लाभ उठाएर भ्रष्टाचार नगरेको भन्दै अदालती प्रक्रियाको सामना गर्ने बताए । 'कुनै पनि नियतबाट लाभ उठाएर भ्रष्टाचार गर्ने र कुनै पनि कामको निम्ति आदेश दिने काम मबाट भएको छैन । त्यसको विरोधमा छु,' नेपालले भनेका थिए, 'अब जे जस्तो प्रक्रिया हुन्छ, सामना गर्छु ।'

तर, उनले सञ्चारकर्मीसँग आफूविरुद्ध प्रधानमन्त्रीले प्रतिशोध साँधेको बताएका थिए ।

नेकपा एसमै काम गरेर निष्क्रिय भएका एक नेता पूर्व प्रधानमन्त्रीमाथि नजिर बसेको विषयमा नेपालले राजनीति गर्न नजानेको बताउँछन् ।

'हाम्रो समस्या नै अहिलेसम्म विधि स्थापित गरौं भन्ने भएन । यस्ता निकायलाई प्रयोग गर्ने गरेको कारण नियोजित हो कि भन्ने एकथरीले आशंका गरेका हुन्,' ती नेता भन्छन्, 'तर संवैधानिक निकाय अख्तियारले मुद्दा दर्ता गरेपछि सकियो । माधव नेपाल म सादगी नेता भनेर थाक्नुहुन्न । पूर्व प्रधानमन्त्रीमाथि पनि मुद्दा लाग्न सक्छ भन्ने नजिर बनेको विषयमा उहाँले म निर्दोष छु, ममाथि सबै किसिमको अनुसन्धान र छानबिन होस्, तर पूर्व प्रधानमन्त्री सबैमाथि पनि छानबिन गर्नुपर्छ भन्नुपर्ने हो । तर, न्यायिक कुरालाई राजनीतिकरण गर्दा उहाँलाई नै घाटा हुन्छ ।'

नेपालमाथि मुद्दा दर्ता भएपछि नेकपा एसमा दुई धार देखिएको छ । राजेन्द्र पाण्डेसहितका नेताले अख्तियारको क्षेत्राधिकारमा प्रश्न गरेका छन् । तर, इतर पक्षकाले न्यायिक निरुपणको प्रक्रिया अगाडि बढ्न दिनुपर्ने मत राखेका छन् ।

झलनाथ खनालले भने बीचमा बसेर प्रतिक्रिया दिएका छन् । शुरूमै उनले तथ्य बुझेर मात्रै प्रतिक्रिया दिने बताएका थिए । तर, शुक्रबारसम्म आइपुग्दा उनी पनि न्यायिक निरुपणको प्रक्रियालाई सघाएर जानुपर्नेमा उभिएको एक नेताले बताए । 'उहाँ सम्मानित नेता हो । हिजो पनि उहाँले बुझेर मात्रै प्रतिक्रिया दिने बताउनुभयो,' एक नेता भन्छन्, 'शुक्रबारसम्म आइपुग्दा उहाँले न्यायालयलाई विश्वास गर्नुपर्छ भन्नुभएको छ ।'

अहिले नेपालको सांसद पद निलम्बनमा परेपछि भोलि अध्यक्ष पद छाड्नुपर्ने गरी नैतिक प्रश्न पनि उठ्न सक्नेछ । यस्तोमा खनालले समाजवादीको नेतृत्वका लागि दाबी गर्न सक्ने देखिएको छ ।

नेकपा एसका नेता जगन्नाथ खतिवडा आफूहरूलाई सुनियोजित लागे पनि कानूनी रूपले नै समाधान गर्नुपर्छ भन्नेमा आफ्नो पार्टी रहेको बताउँछन् ।

'६९ साल मंसिरमा तामेलीमा राखिएको विषय योजनाविना त्यसै ब्यूँतिँदैन र माधव नेपाललाई सुनियोजित ढंगले दुःख दिऊँ भनेर ८२ सालमा आएर खोलिनु षडयन्त्र छन् भन्ने आधार हुन्,' खतिवडाले भने, 'तर, अदालतको हातमा पुगेपछि कानूनको कुरा कानूनी रूपले समाधान गर्नुपर्छ, अरू उपाय छैन भन्नेमा हामी छौं । यसमा कुनै शिर निहुराउनुपर्ने काम छैन । अदालतमा निर्दोषिताको प्रमाण पेश गरेर माधव नेपालले यो मुद्दामा मुक्ति र सफाइ पाउनुहुन्छ ।'

मुद्दाको डकुमेन्ट र मिसिलसहितका विषयमा अध्ययन गरेपछि पार्टीको औपचारिक बैठक राख्ने खतिवडा बताउँछन् ।

'भर्खरै मुद्दाको प्रक्रिया अगाडि बढेको छ, हतारमा पार्टीको नेता, नेतृत्वबारे निर्णय लिइहाल्नुपर्छ भन्ने ठाकेका छैनौं । आइतबार सोमबारसम्म लिगल डकुमेन्ट, मिसिल सबैको अध्ययन गरेपछि हामी बैठक बस्छौं,' खतिवडा भन्छन्, 'सोमबार-मंगलबारसम्ममा बैठक बसेर पार्टीको विषयमा छलफल हुन्छ । प्रचलित मूल्य मान्यताअनुसार अगाडि बढ्छौं ।'

राजनीतिक विश्लेषक कृष्ण पोखरेल भ्रष्टाचारको विषयमा मन्त्रिपरिषदको निर्णय पनि छानबिनमा पऱ्यो भनेर जनमानस खुशी हुने स्थिति देखिए पनि यसको अनेक आयाम भएको बताउँछन् ।

## करेन्ट लाग्दा कन्काईमा ८ जना घाइते

झापा(प्रस) । हात्तीलाई छेक्न लगाएको तारबारबाट करेन्ट लाग्दा कन्काईमा ८ जना घाइते भएका छन् । शुक्रवार बिहान अन्दाजी ८ बजे कनकाई वडा नं. २ जामुनखाडी बस्ने फरकबहादुर बस्नेतको करेसाबारीमा लगाएको बोडी टिप्न जाँदा ८ जना घाइते भएका हुन् ।

घाइते हुनेहरुमा कनकाई २ बस्ने ६४ वर्षीय फरकबहादुर बस्नेत , २६ वर्षीया अनु खड्का, २२ वर्षीया सन्ध्या कार्की , १८ वर्षीय सलिन कार्की , ३५ वर्षीय गोपाल बस्नेत , ५८ वर्षीया डम्बर कुमारी बस्नेत , २२ वर्षीया लक्ष्मी चौहान र ४४ वर्षीय तुलाराम कार्की रहेका छन् । घाइतेहरुको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको र सबै जनाको अवस्था सामान्य रहेको छ ।

इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट प्रहरी बरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

## स्वचालित....

अनावश्यक रकमको लेन देन गर्ने विकृतिपूर्ण परिपाटीको अन्त्य गर्न मद्दत पुग्ने विश्वास लिन सकिन्छ । तर पूर्वानुमान योग्य तथा स्वचालित सरुवा प्रणाली लागु गर्न मुख्यतया राजनीतिक क्षेत्र र कर्मचारी तन्त्रका उच्च पदस्थ अधिकारीहरू प्रतिबद्ध हुनु पर्छ । यस्तै हरेक कार्यालय र सेवाको वर्गीकरण गर्ने र कर्मचारीको विस्तृत विवरणको जानकारी तत्काल हुने गरी सफ्टवेयर प्रणाली लागु गरिनु पर्छ । यसबाट हरेक कर्मचारीको सूचना प्रणालीको विकास गर्न मद्दत पुग्छ । स्वचालित सरुवा प्रणाली वा चक्रीय प्रणाली लागु गर्न सम्बन्धित ऐन, कानुन र कर्मचारी सेवा सर्त नियमावलीमा व्यवस्थित गरिनु पर्छ । स्वचालित सरुवा प्रणालीको माग स्वयम् ट्रेड युनियनको रहेको हुँदा यो व्यवस्था लागु गराउन ट्रेड युनियनहरू पनि प्रतिबद्ध र कटिबद्ध रहनु पर्छ ।

## बुढीगङ्गामा ग्यास सिलिण्डर पड्किदा आगलागी, १२ पसल जलेर नष्ट

बाजुरा जिल्लाको बुढीगङ्गा नगरपालिका-६ मा पर्ने बाम्का बजारमा आज दिउँसो ग्यासको सिलिण्डर पड्किँदा आगलागी भएको छ ।

बजारमा सञ्चालित एउटा होटलमा खाना पकाउने क्रममा ग्यास सिलिण्डर पड्किएर भएको आगलागीमा १२ वटाभन्दा बढी पसल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक देव चौधरीले जानकारी दिए ।

आगलागीका कारण लाखौँको क्षति भएको अनुमान गरिएको बताउँदै उनले हावाहुरीका कारण आगो नियन्त्रण बाहिर रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

आगो नियन्त्रणका लागि सुरक्षाकर्मी, स्थानीय लागिरहेका छन् । आगलागीका कारण फाइबर इन्टरनेट र विद्युत् सेवा अवरुद्ध भएका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
| --- | --- | --- | --- | --- | --- | --- |
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।